सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५५ | गान्तोक, (शुक्रबार) २३, सेप्टेम्बर, २०२२ | अङ्क ३४

## अस्ट्रेलियाकी महावाणिज्य दूत रोवन एन्सवर्थको राज्यपाल श्री गंगा प्रसादसंग भेट



गान्तोक।
कोलकातामा अस्ट्रेलियाकी महावाणिज्य दूत रोवन एन्सवर्थले २२ सेप्टेम्बरमा राज्यपाल श्री गंगा प्रसादसंग राजभवनमा शिष्टाचार भेट गर्नुभयो। अस्ट्रेलियाकी महावाणिज्य दूत रोवन एन्सवर्थ सिक्किमको तीन दिवसीय भ्रमणमा आउनुभएको हो।

## दशौं विधानसभा छैटौं अदिवेशनको तेस्रो सत्र समपन्न



गान्तोक।
सिक्किम विधानसभाले १६ सेप्टेम्बर,दशौं विधानसभा–२०२२–२३ को एक दिवसीय, तेस्रो सत्रमा दोस्रो पुरक मागहरू रु.१७,३१४.५१ लाख आर्थिक वर्ष २०२२–२३ पारित गर्यो।

अधिवेशनको आर्थिक कारोबारमा अर्थ विभागका प्रभारी मन्त्री श्री प्रेमसिंह तामाङले विचारार्थ अनि पारित गर्नुभएपछि कुल अतिरिक्त खर्च धान्न रु.२७,३१४.५१ लाख विनियोजन गरिएको छ।

त्यसपछि, सदनले आर्थिक वर्ष २०२२–२३ को अनुदानको निम्ति दोस्रो पुरक मागहरू सिक्किम विनियोजन विधेयक–२०२२(२०२२ को बिल नम्बर २५) पनि पारित गर्यो। जुन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ अर्थ विभागको प्रभारीद्वारा विचारका निम्ति पेश गरिएको थियो।

सिक्किम विनियोजन विधेयक,२०२२(२०२२ को बिल नम्बर २५) भारतको संविधानको धारा २०५–को साथमा रहेको धारा २०४ को धारा (१)–को पालनमा पेश गरिएको छ। जसले राज्यको समेकित कोषबाट बाहिरको विनियोजनको निम्ति व्यवस्था गरेको छ। सिक्किम राज्यको समेकित कोषबाट लाग्ने खर्च अनि आर्थिक वर्ष २०२२–२३ को बाँकी भागको सिक्किम सरकारको खर्चको निम्ति सिक्किम विधानसभाले बनाएको पूरक अनुदान सिक्किमलाई खर्च गर्न आवश्यक छ।

विधायिका कामकाजको क्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ वित्त विभागका प्रभारीद्वारा सिक्किम वस्तु तथा सेवा कर(संशोधन) विधेयक २०२२(२०२२ को बिल नम्बर २६) पेश गरियो। आगमी अधिवेशनमा संशोधन विधेयकमाथि छलफल गर्न मतदान हिनेछ।

सभाध्यक्ष श्री अरुणकुमार उप्रेतीले वन तथा पर्यावरण विभागको २०१९–२० को वार्षिक प्रतिवेदन सदनमा प्रस्तुत गर्नुभएको छ।

आफ्नो समापन मन्तव्यमा सदनका नेता श्री प्रेमसिंह तामाङले सभाध्यक्ष श्री अरुणकुमार उप्रेती, उपसभाध्यक्ष श्री साङ्गे लेप्चालगायत सबै मन्त्रिपरिषद्, विधायक, विभिन्न विभागका प्रतिनिधि, प्रेस तथा सञ्चारमाध्यामलाई दिनभरी सत्रको सफल संचालनमा संलग्न रहेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

उहाँले राज्यका प्रत्येक नागरिकको हकअधिकारको सुरक्षाको निम्ति राज्य सरकार सँधै प्रतिबद्ध रहने बताउनुभयो। उहाँले सदनका सदस्यहरूद्वारा उठाइएका समसामयिक बिषयहरूमा सबै सदस्यहरूको संयुक्त समन्वयमा छलफल गरिने आश्वासन दिनुभयो।
उहाँले अझ भन्नुभयो कि, राज्य सरकारले सबै सरोकारवालाहरूसंग मिलेर सिक्किम राज्यलाई अझ बढि महिमा प्रदान गर्न अनि यसको सबैभन्दा वास्ताविक क्षमतामा पुग्न मदद्त गर्नुपर्नेमा जोड दिनुभयो।

सभाध्यक्ष श्री अरूणकुमार उप्रेतीले भोटिया भाषामा आफ्नो समापन मन्तव्य प्रस्तुत गर्नुहुँदै सदनको मर्यदा कायम राख्ने अनि दशौं सभाको छैटौं अधिवेशन (तेस्रो सत्र) लाई सुचारू रूपमा समपन्न गर्न सहयोग गरेकोमा सबै सदस्यहरूलाई धन्यवाद व्यक्त गर्नु हुँदै सभैलाई स्थगित गर्नुभयो।

## चौरसिया समाजको नवनिर्वाचित जनप्रतिनिधि सम्मान समारोहमा राज्यपाल श्री प्रसादको उपस्थिति




राजभवन।
मध्यप्रदेशको भुपालमा अखिल भारतीय आदर्श चौरसिया महासभाद्वारा मानस भवनमा चौरसिया समाजको नवनिर्वाचित जनप्रतिनिधि सम्मान समारोहको आयोजनगत १८ सेप्टेम्बरमा, गरियो। जसमा राज्यपाल श्री गंगा प्रसाद मुख्य अतिथिका रूपमा उपस्थित हुनुभयो।

यसै सन्दर्भमा राज्यपाल श्री प्रसादले विभिन्न ठाउँबाट आएका नवनिर्वाचित लगभग १५० जनप्रतिनिधिलाई उज्जवल भविष्यको कामनासहित स्मृति चिन्ह प्रदान गर्नुभयो। निर्वाचित जनप्रतिनिधिको नयाँ भूमिका अर्थात जनताको सेवामा आफ्नो कर्तव्यको पालन गर्नको निम्ति शुभकामना दिनुहुँदै राज्यपाल श्री प्रसादले भन्नुभयो,चौरसिया

*रहल पृष्ठ ३ मा...*

# नामग्याल इन्स्टिट्यूट अफ् टिबेटोलोजी(एनआईटी) को कार्यकारी बोर्ड एवं कार्यकारी परिषदको बैठक



राजभवन।
राज्यपाल श्री गंगा प्रसादको अध्यक्षतामा २२ सेप्टेम्बर राजभवनमा नामग्याल इन्स्टिट्यूट अफ् टिबेटोलोजी(एनआईटी) को कार्यकारी बोर्ड एवं कार्यकारी परिषदको बैठक सम्पन्न भयो। बैठकको मुख्य उद्देश्य एनआइटीका विभिन्न मुद्दाहरूमाथि चर्चा गर्नु रहेको थियो,जसमा वार्षिक रिपोर्ट अनि अडिट रिपोर्टको पुष्टि तथा एनआईटीको आगामी गतिविधिहरू साझा गर्नु रहेको थियो। यस अवधि भारतीय परिषद् ऐतिहासिक अनुसन्धानका सदस्य सचिव प्रो. के रत्नामी,बुद्ध अध्ययन विभाग,दिल्ली विश्वविद्यालय, प्रो. शुभ्रा बरूआ पावागढी, डीजी एवं सचिव स्वास्थ्य विभाग डा. पेम्पा टी. भोटिया, शिक्षा सचिव जिल्लापाल नेपाल, उप सचिव, संस्कृति मन्त्रालय सञ्जय कुमार, डा. सञ्जय डी फेम्पू,सचिव एवं सीपी प्रधान तथा अन्यको उपस्थिति थियो।

# पश्चिम सिक्किमको रिन्चेनपोङस्थित मेघीडाँढामा रवीन्द्रनाथ पार्क अनि सांस्कृतिक केन्द्रको शिलान्यास




गेजिङ।
अन्तर्राष्ट्रिय शान्ति दिवस-२०२२ को शुभअवसरमा पश्चिम सिक्किमको रिन्चेनपोङस्थित मेघीडाँढामा २१ सेप्टेम्बरमा रवीन्द्रनाथ पार्क अनि सांस्कृतिक केन्द्रको शिलान्यास गरियो। परियोजनाको शिलान्यास उहाँका प्रख्यात तुल्कु साङ्गे योन्तेन ग्याछो रिम्पोछे अनि सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन विभाग मन्त्री श्री बी.एस पन्त, कृषि ,बागवानी पशुपालन तथा श्रम विभाग मन्त्री श्री लोकनाथ शर्माको विशेष उपस्थिति थियो।

ठीक एकवर्ष पहिले २१ सेप्टेम्बर २०२१ मा , सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले रिन्छेन छोसिङ गुम्बाको भ्रमण गर्नुभएको थियो।

उहाँले महामहिम तुल्कु रिन्पोछेलाई भेट्नुभएर अन्तर्राष्ट्रिय तीर्थस्थल अनि साँस्कृतिक पर्यटककीय गन्तव्यका रूपमा मेघीडाढाको महत्त्व बढाउन अध्ययन केन्द्र अनि सास्कृतिक पार्कको विकासका बारेमा छलफल गर्नुभएको थियो।

सोहीदिन गुम्बा छेत्रमा आयोजित वार्षिक विश्व शान्ति दिवस समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री तामाङले रिन्चेनपोङको मेघीडाढामा रवीन्द्रनाथ पार्क तथा सांस्कृति केन्द्र स्थापना गर्ने घोषणा गर्नुभएको थियो। एक वर्षपछि रवीन्द्रनाथ पार्क अनि सांस्कृति केन्द्रको शिलान्यास गरियो।

# जेजेएमअन्तर्गत जिल्ला पेयजल तथा स्वच्छतामाथि बैठक आयोजना

गान्तोक।
गान्तोकका जिल्लापाल तथा डीडब्ल्यूएसएमका सीईओ श्री रगुल केले २२ सेप्टेम्बरमा, सिच्छेस्थित सम्मेलन कक्षमा जेजेएमअन्तर्गत जिल्ला पेयजल तथा स्वच्छतामाथि आयोजित बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा अधीक्षक अभियन्ता कर्मा साम्डुप अतिरिक्त जिल्लापाल(विकास) राधा प्रधान अनि सम्बन्धित विभागका अधिकारी,सदस्यहरूको उपस्थिति थियो।

बैठक आयोजन गरिनुका मुख्य उद्देश्य गान्तोकका पाँच बीएसी क्रमैले नान्तोक, राङ्का, खाम्दोङ,मार्ताम अनि राक्दोङ-तिन्तेकका निम्ति जेजेएमअन्तर्गत ७८ करोड रुपियाँ (अनुमानित) अतिरिक्त प्रस्तावहरू पारित वा अनुमोदन गराउन साथै पीएचई विभागले जेजेएमअन्तर्गत गान्तोक वरिपरि अनि गान्तोग जिल्लाका बजार क्षेत्रका निम्ति १२ करोड(अनुमानित) पारित वा अनुमोदित गरियो।

यसअघि अधीक्षक अभियन्ता श्री कर्मा साम्डुप भोटियाले जल जीवन मिशनको योजनामाथि प्रस्तुत पार्नुभयो। जिल्लापाल श्री रगुल केले पहिले राखिएका विभिन्न योजनालाई ध्यानपूर्वक अवलोकन गर्नुभयो। सदस्यहरूलाई खुल्ला छलफलमा भाग लिनु आग्रह गर्नुभयोष उहाँले सुझाव अनि प्रतिक्रियाको स्वागत गर्नुभयो। जिल्ला योजना अधिकारी श्री कर्मा सोनाम ग्याछोद्वारा धन्यवाद ज्ञापन गर्नुभएर कार्यक्रम समाप्त भयो।

# मुख्य सचिव श्री पाठकद्वारा विभिन्न विभागका प्रमुखहरूलाई लिएर टाशीलिङ सचिवालयमा आयोजित बैठकको अध्यक्षता



गान्तोक।
राज्यका मुख्य सचिव श्री भीबी पाठकले अन्तरविभागीय मुद्धामाथि छलफल अनि मूल्याङ्कन गर्न विभिन्न विभागका प्रमुखहरूलाई लिएर टाशीलिङ सचिवालयमा आयोजित बैठकको अध्यक्षता गर्नुभयो।
बैठकको सुरुमा गृह विभागका अतिरिक्त मुख्य सचिव श्री आर तेलाङले स्वागत मन्तव्य राख्नुभयो। बैठकले प्रभावकारी अनि व्यवस्थित प्रशासनिक व्यवस्थाको विशेषता भएको शासनमा प्रभावकारी कर्मचारीतन्त्र संयन्त्रको सुचारू कार्यका निम्ति विभिन्न विभागहरूबाट हुने हस्तक्षेप अनि सामूहिक निर्णयहरू सम्बनाधी मुद्दाहरूलाई सम्बोधन गर्नुभयो।
मुख्य सचिवले सम्बन्धित रेखा विभागका प्रतिनिधिहरूसंग अन्तरक्रिया गरेर हरेक पक्षमा विकास अनि दिगोपनका निम्ति प्रभावकारी व्यवसअथापन विषयमा छलफल गरियो।
उहाँले राज्यमा केन्द्रित प्रायोजित योजनाहरूलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न ध्यान दिनु पर्ने महत्त्वपूर्ण मुद्दाहरूको बारेमा जानकारी दिनुभयो। राज्यमा भएका विभिन्न सरकारी पहलहरूको सफल परिणामको निम्ति प्रभावकारी कार्यन्वयन सुनिश्चित गर्न विभागका प्रमुखहरूले आफ्ना सुझावहरू राखे।

मुख्य सचिवले प्रत्येक विभागकले आफ्नो वेबसाइट समयबन्धीमा अपडेट गर्नुपर्ने बताउनुभयो। उहाँले प्रत्येक विभागमा समयनिष्ठ अनि अनुशासनको नि.मित अनुगमन गर्नुपर्ने पनि बताउनुभयो। त्यसैगरी बैठकको समापनमा गृह विभागका अतिरिक्त मुख्य सचिव श्री आर तेलाङले २ अक्टोबरमा गान्धी जयन्ती मनाइने कार्यक्रममा सहभागी हुन सबै विभागका प्रमुखहरूलाई अनुरोध गर्नुभयो।

# महिलाको सुरक्षासम्बन्धी तीनदिने कानूनी सचेतना कार्यक्रम पम्पन्न

नाम्ची।
महिला तथा बाल विकास विभाग जोरथाङद्वारा,१९ सेप्टेम्बर, नाम्ची जिल्लाअन्तर्गत वन स्टप सोन्टरले महिला हेल्पलाइन १८१ सँग मिलेर महिलाको सुरक्षासम्बन्धी तीन १६,१७,१८ तीन दिने कानूनी सचेतना कार्यक्रम सञ्चालन गरेको थियो।
१६ सेप्टेम्बरमा राबुङ, माथिल्लो ओमचुङका महिलाहरू रामुङ अगनवाडी केन्द्रमा भेला भएका थिए। जहाँ उनीहरूलाई महीलहरूको अधिकार अनि सुरक्षाको संरक्षण गर्ने कानूनहरू अनि उनीहरूले युनिभर्सल वुमन हेल्पलाइन नम्बर १८१ वन स्टप सेन्टरबाट उपलब्ध गराइने सोवाहरू प्राप्त गर्न सक्छन् भन्ने बारे सचेत गराइएको थियो।
दोस्रो दिन स्वास्थ्य तथा कल्याण केन्द्र ओम्चुङमा कानूनी सचेतना कार्यक्रम सम्पन्न भएको थियो, जहाँ ओम्चुङ माध्यामिक विद्यालयका विद्यार्थी

*रहल पृष्ठ ३ मा...*

# सोह्र श्राद्ध

– दिवाकर प्रधान

श्राद्ध :

'महाभारत'–मा कर्णको कथा छ । अतिरथी दानवीर कर्ण युद्धमा वीरगति पाएपछि स्वर्ग पुगे । त्यहाँ स्वर्गपति इन्द्रदेवले हीरा–मोती––सुन–चाँदी पुऱ्याइदिए । धातु खानु भएन । भोकाएर कर्ण इन्द्रकहाँ पुगे । इन्द्रले भने – 'जिउँदो हुँदा पुर्खाको नाममा दान गर्दा जे दियौ त्यही पायौ' । बुझकी कर्णले फेरि पितृपक्षमा अन्न र जल दान गरे । तब स्वर्गमा उनलाई भोजनको दुःख भएन ।

– यस नीतिकथाले पुर्खालाई नबिर्सने र दानमा मन दिने ज्ञान दिएको छ ।

पितृपक्षमा पुर्खालाई श्रद्धाले श्राद्ध गरिन्छ । जुन पूर्वजहरूका कारणले हामी आज अस्तित्वमा छौँ, उनीहरूकै गुण तथा कौशल आदि हामीले धरोहरका रूपमा प्राप्त गरेका छौँ । तिरेर नतिरिने भए पनि सन्तानले बोकेका पितृऋण पुर्खालाई पुजेर तिरेको आत्मतोष अनुभव गर्ने गरिन्छ । शरीरमा नरहेका पूर्वज देवस्वरूप हुनाले पूजनीय छन् । आफ्ना पूर्वजलाई श्राद्ध गर्ने क्रममा जन्मदाता दिवङ्गत माता–पिताबाहेक आमापट्टिका र बाबुपट्टिका पुर्खा मात्र नभई सासु–ससुरा, आचार्य–आचार्या (गुरु–गुरुआमा), आचार्याणी (गुरुपत्नी), मित्र तथा परिजनसम्म मृत्यु–उपरान्त विस्मृत नहेऊन् भनेर श्राद्ध गर्ने विधान बनाइएका छन् । भाद्रपद पूर्णिमा अर्थात् भदौरे पूर्णेदेखि आश्विन कृष्णपक्ष अमावस्या असोजे औँसी (जमरे औँसी)–सम्म सोह्र दिनलाई पितृपक्ष भनिन्छ ।

यसपालि १० सितम्बरदेखि २५ सितम्बरसम्म सोह्र श्राद्ध परेको छ । १० सितम्बरकै दिन पूर्णिमा श्राद्ध र प्रतिपदा श्राद्ध परेको हो। २५ सितम्बर अमावस्या श्राद्ध समापन हुनेछ। २६ सितम्बरदेखि नौरथा आरम्भ। पितृपक्षकै माझमा वर्षेनि मनाइने १७ सितम्बरको विश्वकर्मा पूजा पर्नेरहेछ।

संस्कृत शब्द पुरुषबाट बनेको पुर्खा (ऽसंस्कृत : पुरुष) वा पूर्वज शब्दले प्राचीनता बोध गर्दछ – बाबुबाजे, जिज्यू, परजिज्यूहरू गर्दै–गर्दै पुर्खाका आवलि (लहर वा ताँती) नै बुझाउने हुँदछ । आफ्नो अस्तित्वमा हुनुपछि क–कसको अवदान छ भन्ने थाहा गर्ने एउटा निहुँ पनि श्राद्ध हो । यसो हुँदा आफ्नो पुर्खावलि वा वंशावलि पनि थाहा हुँदछ । संस्कृतमा भनिएको छ – 'श्रद्धया इदं श्राद्धम्' अर्थात् जो श्रद्धाले गरिन्छ, त्यो श्राद्ध हो । भावार्थ के हो भने प्रेत र पितृका लागि, उनीहरूका तृप्तिका लागि श्रद्धापूर्वक जो अर्पित गरिन्छ त्यो श्राद्ध हो । पितृले सद्गति पाऊन् भनी कामना गर्ने विधानलाई श्राद्ध भनिएको छ ।

मृत्यु हुनुभन्दा अघि कुनै इच्छा पूर्ण भएको छैन भने मृतकको मन जागै हुने अनि पुनर्जन्मको बाटो नखुलिने वा स्वर्ग वा नर्क जान नपाउनेहरूले प्रेत योनि पाउँदछन् भन्ने लोक विश्वास भारतमा मात्र नभई संसारका धेरै जातिमा रहेको पाइन्छ । यिनै लोक विश्वासले पहिले मिस्र देशले आत्माको परिकल्पना गरेछ । ग्रीसले सिकेछ । भारतले आत्माको पुनर्जन्म हुने अवधारणा थपेछ । 'आत्मा' वा 'आत्मन्' पद भारतीय दर्शनको महत्त्वपूर्ण प्रत्यय (विचार)–मध्ये एउटा हो । यो भयो उपनिषद्हरूको मूलभूत विषय–वस्तुको रूप । परमात्मा नै सबै जीवात्मामा प्रसारित हुन्छन् भनेर परमात्मा खोज्ने काम उपनिषद्ले गरे – 'अथातो ब्रह्म जिज्ञासा' । यसको अभिप्राय व्यक्तिमा अन्तर्निहित मूलभूत सत् हो । त्यो शाश्वत तत्त्व छ तथा मृत्युपश्चात् पनि त्यसको विनाश हुँदैन । आत्माको निरूपण श्रीमद्भगवद्गीता अर्थात् गीतामा शस्त्रले नकाटिने, आगोले नजल्ने, पानीले नभिज्ने अनि हावाले नसुकाउने भनेर गरेको छ । भन्छ – जसरी मनुष्यले पुरानो वस्त्र त्यागेर नव वस्त्र धारण गर्दछ, उसरी नै आत्माले पुरानो शरीर त्यागेर नवीन शरीर धारण गर्दछ । 'न हन्यते हन्यमाने शरीरे' – शरीर हनन भए पनि हनन नहुने भनेपछि आत्माको अवधारणा पराकाष्ठामा पुगेकै मान्नुपर्दछ । आत्मा हुने र पाउने अनि आत्मा पाउने बाटो देखाउने अनगन्ती महापुरुष देखिए – कृष्ण, बुद्ध, ईशु, अष्टावक्र, राजा जनक , सन्त कबीर, मीरा बाई, गुरु नानक, साई बाबा आदि । सबै ज्ञानीजनले एक मतले भने आत्मा अमर छ, न जन्म लिँदछ, न त्यसको मृत्यु हुन्छ । आत्मा सनातन छ । आत्मा एउटा ऊर्जाको रूप हो जो शरीरदेखि टाढिए पनि अस्तित्वमै रहँदछ ।

मृत्युपछि अतृप्त वासना के हुन्छ भन्ने रहस्य उद्घाटन गर्ने स्थान, समय र मानिसको आधारमा बुझाउने भए । अर्जुन स्वयंसिद्ध मानिस हुनाले कृष्णले त्यही स्तरमा बुझाए । कपिलमुनि जन्मेको ठाउँ कपिलवस्तुमा वादविद्याको भव्य परम्परा थियो । त्यहाँका सामान्य मानिस पनि बुद्धिवादी थिए । जनकको मिथिलाभूमि र छिमेकी अङ्गप्रदेशमा सिद्ध बुद्धले विज्ञानको भाषामा बुझाए । उपनिषद् र बौद्ध विद्याले युक्त भएका सन्त ईशुले यरुसलेमका गौपालकहरूलाई कविताजस्तो उपमानको भाषामा बुझाए । मुसलमान अतिक्रमणले आक्रकान्त भारतमा फैलिएको अशिक्षाको वातावरणमा जनगणमा गरुडपुराणले रोमान्टिक स्वैरकल्पना (फेन्टासी) भरिएको वर्णन गरेर आत्माको व्याख्या गरे । पितृपूजा आफैले गर्ने सामर्थ्य लोप भएको बेला पितृ र पितृकार्य गर्नेको बिचमा बिचौलेको भूमिका पुरोहितले निर्वाह नगरी भएन । यो परम्परा भारतीय जनमानसमा संस्कार भएर गाड़ियो । यति साह्रो गाड़ियो कि दयानन्द सरस्वतीले आर्य समाज बनाएर वा राममोहन रायले ब्रह्म समाज बनाएर सम्झाउँदा पनि सम्झिन नसक्ने भए । एकलो दयानन्द सरस्वतीलाई १८६९–मा काशीमा पुरोहितहरूले शास्त्रार्थ राखेर परास्त गरेको घटनालाई ठूलो समाचार बनाए । हुन ता दर्शन र कर्मकाण्डबिच भेदसाम्य धेरै छन् ।

आत्मा लिएर वेदान्तीले जीवात्मा र परमात्मा भने, जैन दर्शनमा आत्माका लागि जीव शब्द प्रयोग गरिन्छ । जीव (चेतना)–लाई अजीव (शरीर)–भन्दा भिन्न देखाइएको छ । हामीले बुझ्यौँ यसरी शरीर र शरीरी वा देह र देही वा शरीर र आत्मा । बुद्धले आत्मा र ईश्वरबारे चुइँ बोलेनन् । कर्मकाण्ड र पुरोहितवादको विरोध गर्ने बुद्धको नाममा बनेको वज्रयान सम्प्रदायले भूतप्रेत मान्यो, भूतप्रेतलाई थान्को लाउने युक्ति निकाले – शङ्ख, घण्टी, ग्यालङ, दोर्जे, छर्रा आदि बजाएर, खेलाएर, मन्साएर । बिजुवा–फेदङ्बाहरूले पनि प्रेतात्मालाई बोलाएर थान्को लाउने युक्ति गरे । पैगम्बरले शैतान भगाउने भनेको पनि यस्तै–यस्तै हो । प्रोफेट वा पुरोहितहरूले जनताको मनमा स्वर्गको प्रलोभन र नर्कको भय पसाइदिन अझ सफल भइराखेकै छन् । स्वर्ग–नर्क मन नै हो भन्नेहरू पनि हुन्छन् । मन शान्त हुनेलाई स्वर्ग र अशान्त हुनेलाई नर्क – मर्नुअघि वा मर्नुअघि – दुवैतिर । स्वर्ग–नर्क सपनाजस्तै हो । सपनालाई विपनाले नियन्त्रण गरेकै हुन्छ । विपनामा राम्रो काम गरेको छ भने सञ्चोको सपना देखिन्छ । विपनामा नराम्रो काम भएको वा गरेको भए सपना पनि दुःखदायक हुन्छ । प्रेतले पहिले कस्तो काम गरेको छ, त्यसैअनुरूप स्वर्ग र नर्क पाउँछ भन्नेहरू पनि छन् । गीताले तर आत्मा प्रेत भएर बस्छ भनेको छैन । शरीरमा हुञ्जेल शरीरी (आत्मा) कर्मबन्धनको वशमा भए पनि मन आत्मामा लीन भए मुक्त हुँदछ भन्दछ । श्रीकृष्णको शरण नै अन्तिम मोक्ष हो भनिएको छ । निष्काम कर्मयोगको बाटो देखाएको छ । योगीजनले आत्मा म (परमात्मा)–मा बसाउनुलाई उत्तम पथ मानेको छ –

'श्रद्धावान् भजते यो मां स मे युक्ततमो मत' ।

शुद्धि क्रिया नगरे मृतक पिशाच हुन्छ भन्ने लोककथालाई बढाइचढाइ गरेको पनि पाइन्छ । पिशाचले रगत चुस्छ भने । प्राचीन कालमा कहीँ रक्त–चूषक वा मांसाहारी जातिलाई लिएर पिशाचको परिकल्पना गरेको पनि हुनसक्छ । पश्चिममा पनि पिशाचको परम्परा पाइन्छ – सर्बियाको भ्याम्पाइर, ग्रीसको राइकोलाकस, रोमानियाको स्ट्रिगोई आदि । जोन पोलिडोरीको 'द भ्याम्पाइर' (१८१९) र ब्र्याम स्टोकरको 'ड्र्याकुला' (१८९७) अङ्ग्रेजीका प्रसिद्ध आख्यान हुन् । भाइचन्द प्रधानले 'ड्याकुला'–लाई नेपाली अनुवाद गरेका छन् । यी आख्यानहरूमा आधारित कति चलचित्र पनि बनेका छन् । ती हेरेपछि नेपालीभाषी स्थानीय मानिसहरूले दाह्राले रगत चुसेर कुल्ला गर्ने भनी ड्याकुला चिने अनि 'दाराकुला' माने ।

अतृप्त मरे भूत हुने पनि विश्वास छ । लोकविश्वासले राँके भूत, गर्भे भूत, खोल्से भूत, सुमसाँड़े भूतहरू मान्यो । नैनसिंह योन्जनले रचेको बालगीत पनि थियो – 'एउटा गोरु टाटे–पाङ्ग्रे एउटा गोरु पुल्ले, आज मलाई झन्डै खायो बाघडाँड़ाको

रहल पृष्ठ ४ मा...

# अलैची मूल्य अभिवृद्धि सम्बन्धी १५ दिने तालिम समपन्न

मङ्गन।

२० सेप्टेम्बर,अलैची मूल्य अभिवृद्धि सम्बन्धी १५ दिने तालिम पासिङथाङ गाविसमा सफलतापूर्वक सम्पन्न भयो। विधायक जङ्बु श्री पिन्छो नामग्याल लेप्चालगायत समापनको दिनमा वरिष्ठ एओ श्री एमके प्रधान नोडल अफिसर,वार्ड पञ्चायत अनि पासिङदाङ भीडीभीकेका सदस्यहरूको उपस्थिति थियो।

विधायक श्री लेप्चाद्वारा मार्केटिङको विषय अनि योजनामारअपत आत्मानिर्भर बन्न आवश्यक रहेको जानकारी गराउनुभयो। उहाँले भोकल फर लोकल–को अवधारणालाई वकालत गर्दै अधिकारीहरूबाट सम्भव सहयोग गर्ने आश्वासन दिनुभयो।

तालिमले अलैँचीको फाइबरलाई टेबुल म्याट,इको फ्रेन्डली योगा म्याट बटन फ्लावर आदि जस्ता उत्पादनमा निकाल्ने,प्रशोधन गर्ने, काट्ने अनि बुन्ने परम्परागत विधिमा केन्द्रित थियो।

तालिमको उद्देश्य अलैंची रोपण क्षेत्रमा शिल्पलाई प्रवर्द्धन गर्नु अनि एसएचजी सदस्यहरूलाई सीप तालिम दिनु थियो उनीहरू स्वतन्त्र रूपमा गुणस्तरीय अलैंची फाइबर उत्पादन गर्न सक्षम बनाउनु हो। कार्यक्रममा प्रशिक्षार्थीहरूलाई सहभागिताको प्रमाणपत्र समेत प्रदान गरियो।

# चौरसिया समाजको...

समाजलाई एकताको आवश्यकता छ, अपरिपक्वता सबै मानिसमा हुनसक्छ, तर त्यसलाई हटाएर समाजमा मानिस अघि बढ्नुपर्छ। सबै मिलेर आफ्नो आवाज बुलन्ध गर्दै, समाजको हितको निम्ति काम गर्नुपर्छ, जसले समाजमा भिन्नै पहिचान राख्न सकोस् ।

राज्यपाल श्री प्रसादले आफ्नो कुरा राख्नु हुँदै, चौरसिया समाजमा धेरै समस्या छ, यो समस्याको समाधानको निम्ति मुख्यमन्त्री श्री शिवराज सिंह चौहानसंग बातचित गर्ने बताउनुभयो।

उहाँले यस कुरामा पनि प्रकाश पार्नुभयो कि,चौरसिया समाजको मुख्य व्यवसाय पानको खेती हो, पानको खेती एक कठिन खेती हो। यस कृषिको दर्जा प्रदान गर्नुको निम्ति जोड दिनुभयो। उहाँले देशका प्रदानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा देश आत्मानिर्भर भारत बनिरहेको जानकारी दिनुभयो।

मृत्युपछि पनि सबैको मनमा अमर रहनु छ भने आफूले राम्रो काम गर्नुपर्छ, यसैले हामीलाई अमर बनाउँछ। उहाँले अङ्गदान गर्नुको निम्ति पनि समाजलाई अपिल गर्नुभयो, जसले मानिसको जीवन बचाउन सफल रहेको हुन्छ।

# महिलाको सुरक्षासम्बन्धी...

कर्मचारी,एचडब्ल्यूसी,आशा कार्यकर्ता, ओम्चुङका एडब्ल्यूडब्ल्युका कर्मचारीहरूको उपस्थिति रहेको थियो,त्यहाँ आयोजित सचेतना कार्यक्रममा कानून विषयलाई समेटिएको थियो। पीओसीएसओ अनि बाल बेचबिखान अनि वन स्टप सेन्टर अनि महिला हेल्पलाइन नम्बरका विभिन्न सेवाहरू उपलब्ध छन्।

१८ सेप्टेम्बरमा , ओम्चुङ गाउँ वरपर घर दैलो अभियानको आयोजना गरी महिलालाई विभिन्न किसिमका हिंसाबाट जोगाउने कानूनका बारेमा सबै जानकारी समेटिएको पर्चा अनि फ्लायर वितरण गरियो।

रक्त दान
नै
महा दान हो

भूतले'। उनीहरूलाई मनाउने–मन्साउने बिजुवा, फेदङ्बा, बाहुनबाजे, लामा, गभाजु, देउभाजु, ओझाहरू छँदैछन्। मर्नुलाई बित्नु पनि भनिन्छ। चित्त नबुझी मरे बितिसकेको वा भूतकाल भइसकेको पनि वर्तमानमा आउँछन् भन्ने विश्वास छ। पितृ भूत वा बिगत भएभए, वर्तमानमा नआऊन् भनेर तर्पण त गर्नैपर्यो। श्राद्धका कर्मकाण्डमा यस्ता पनि के–के हुन्छन्। भारतमा जस्तो श्राद्ध कर्मकाण्ड नगरे पनि पितृपूजा परम्परा यूरोपका क्याथोलिक देशतिर छँदैथ्यो। क्याथोलिक एङ्गिलयन चर्चहरूले अझ १ नवम्बरलाई 'अल सेन्ट्स डे' भनेर मान्दछन्, त्यत्ति बेला आफ्ना बाबु–बाजेहरूलाई पनि पुज्दछन्। ब्राइथोनिक र गेलिक भनिने केल्टिक संस्कृतिबाटै पितृपूजा गर्ने हेल्लोविनहरूले पनि १ नोभेम्बरै मान्दछन्। उत्तर अमेरिकाको क्यानाडामा अझ पितृपूजा परम्परा रहेको उनीहरूको क्याण्डलमास, अल सोल्स डे, डे अब् दि डेड–ले प्रमाणित गर्दछन्। संयुक्त राज्य अमेरिकामा मान्ने मेमोरियल डे–मा मृतक परिजनका समाधिमा राष्ट्रिय ध्वज अर्पण गर्दछन्। डे अब् द डेड र अल सेन्ट्स डे त मेक्सिकोमा पनि मान्छन्। क्रिस्तान धर्म बनिनुअघिको जुडा धर्ममा पहिलेदेखि नै अब्राहम परम्पराअनुसार वर्षमा एक दिन मृतक परिजनका समाधिमा सम्झनास्वरूप रोड़ा–ढुङ्गा थप्ने गर्दछन्। पितृ पूजा परम्परा अफ्रिकी देशहरूमा पनि छ। चीन, जापान, भिएतनाम, काम्पुचिया आदि एशियाई देशमा पनि पितृपूजा परम्परा छ। रेयुकाईमा लाग्नेहरू पितृपूजा गर्दछन्। अब्राहम परम्पराकै भए पनि इस्लामभित्र अझ पितृ र अल्लाहमाझ अहमन्यताको विवाद गहिरै छ। उनीहरू शैतानको अस्तित्व स्वीकार गर्दछन्। शैतानको पक्षमा खलिल जिब्रानले 'प्रोफेट' र सलमान रूस्दीले 'सटानिक भर्सेस' लेख्ने हुँदा गुप्तवासमा जाउन्जेल भए। आत्माको अवधारणा बनाउने मिस्रले त पितृलाई ममी बनाएर हेरिरहने गर्दछ। ईसाई बनिनुअघि रोममा मुर्दालाई जलाउँदथे र जलाइएका खरानी नगर क्षेत्रदेखि पर समाधि बनाएर गाड्दथे अनि बर्सेनि एक दिन पूजा गर्दथे।

गरूड़पुराणबाहेक मत्स्यपुराण, यमस्मृति, निर्णयसिन्धुमा पनि श्राद्धका निदेशहरू रहेछन्। सबैलाई समेटेमा यस्तो बुझिँदो रहेछ –

जुन तिथिमा माता–पिताको देहान्त भएको हुन्छ, त्यही तिथिलाई पितृपक्षमा उनको श्राद्ध गरिनुपर्दछ। शास्त्रअनुसार पितृपक्षमा आफ्ना पितृका लागि आफ्नो शक्ति सामर्थ्यअनुरूप शास्त्र विधिले श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने, यसो गरेमा सकल मनोरथ सिद्ध हुने अनि घर–परिवार, व्यवसाय तथा आजीविकामा सधैँ उन्नति हुने। पितृ दोषका अनेक कारण हुन्छन्। परिवारमा कसैको अकाल मृत्यु भएमा, आफ्ना माता–पिता आदि सम्मानीय जनलाई अपमान गरेमा, मरेपछि आमा–बाबुको उचित ढङ्गले क्रियाकर्म र श्राद्ध नगरेमा, उनीहरूका लागि वार्षिक श्राद्ध आदि नगरेमा पितृदोष लाग्ने। यसको फलस्वरूप परिवारमा अशान्ति, वंश–वृद्धिमा बाधा, आकस्मिक रोग, समट, धन व्यय, सुख–सुविधा भएर पनि मन असन्तुष्ट रहने आदि पितृदोष हुन सक्दछन्। यदि परिवारमा कुनै सदस्यको अकाल मृत्यु भए पितृदोष निवारणका लागि शास्त्रीय विधिअनुसार उसको आत्मशान्ति गर्न पवित्र तीर्थ स्थान गएर श्राद्ध गर्नू। आफ्ना माता–पिता तथा अन्य ज्येष्ठ जनलाई अपमान नगर्नू। प्रतिवर्ष पितृपक्षमा आफ्ना पूर्वजका श्राद्ध, तर्पण अवश्य गर्नू। – यसरी भविष्यको सम्भावनालाई अकाट्य सत्य सिद्ध गरेर भए पनि जनगणलाई शास्त्रले श्राद्ध गर्न सिकाएको पाइन्छ।

पितृलाई वर्षैंभरि श्रद्धाले स्मरण गर्नुपर्ने हो। सोह्र सराध वा श्राद्ध पक्षमा चाहिँ गर्नैपर्ने नियम बसालेर पुर्खालाई सश्रद्धा सम्झने काम गरिन्छ। विश्वास नभए पुरोहित चलाउनैपर्छ भन्ने ठोकुवा छैन। सन्त रविदासले भनेकै छन् – 'मन चङ्गा तो कटोरी में गंगा'। कबीरदास भन्छन् – 'मन में गंगा मन में जमुना मन में रघुवर गीता'। पूजाका सामग्री बटुल–बाटुल गरेर टन्टा गर्नैपर्छ भन्ने छैन। कर्मकाण्डमा भनेजस्तै सबै थोक जोहो गर्नैपर्छ भन्ने पनि करकाप छैन। मन ठूलो गरेर दुःखीलाई दान दिनु सबैभन्दा श्रेष्ठ श्राद्धकर्म हुनेछ। चाँजो मिलाएर अनाथ आश्रम वा वृद्ध आश्रम गएर सेवा–दान गरे पितृ अझ हर्षित हुनेछन्। पितृलाई त जे चढाउँदा पनि हुन्छ, शरीरमा छैनन्। व्रत पनि बस्नै पर्छ भन्ने करकाप छैन। मनको सत्यव्रत वा सत्यनिष्ठा सर्वोत्तम हो। मृतक शरीरमा नभए पनि मृतकका अमर गुणकृतिलाई स्मरण गर्नुपर्ने हो। गीताले पितृलाई देवस्वरूप मानेकै छ। गीतामा भगवान्ले भनेकै छन् –भक्तले मेरो लागि प्रेमले पत्र, पुष्प, फल, जल आदि अर्पण गरेमा त्यस शुद्धबुद्धि निष्काम प्रेमी भक्तद्वारा प्रेमपूर्वक अर्पण गरिएका जे पनि म स्वीकार गर्दछु, यथा –

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति।

तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः॥ ९:२६

एउटा सत्य घटना छ – ई. १६५२–मा शाहजहाँलाई रोग लाग्यो। यस्तोमा छोरा दारा शिकोह, शाह शुजा र औरङ्गजेबबिच सत्ता संघर्ष थालनी भयो। औरङ्गजेब उद्दण्ड र अंकुशे नलागेको निरमुश बने। बङ्ग प्रदेशका राज्यपाल घोषित भइसकेका शाह शुजा बाँच्न बर्माको अरकन क्षेत्रमा शरण लिन विवश बने। मगधका राज्यपाल दारा शिकोहलाई ५०वटा उपनिषद् अरबीमा अनुवाद गरेको आरोपमा मारियो। १६५९–मा औरङ्गज़ेबले शाहजहाँलाई ताज महलमा बन्दी बनाए अनि आफूलाई शासक घोषित गरे। बाबु शाहजहाँलाई मार्न विष पठाए तर शाहजहाँप्रति निष्ठावान् मन्त्री आफैले विषपान गरेर मरे। यस्तो स्थितिमा कारादण्ड भोगिरहेका शाहजहाँले भने – ''धन्य ती हिन्दूहरू, जसले परलोकमा पनि पितालाई पानी पिलाउँछन्।''

# फोहोर विसर्जनसम्बन्धी समस्या समाधान गर्न जिल्लापाल श्री ठटालको अध्यक्षतामा बैठक सम्पन्न



सोरेङ।

सोरेङ जिल्लाको सिप्सुमा अवस्थित फोहोर विसर्जनसम्बन्धी समस्या समाधान गर्न जिल्लापाल श्री भीम ठटालको अध्यक्षतामा २१ सेप्टेम्बरमा बैठक सम्पन्न भयो।

बैठकमा नयाँबजार–जोरथाङ नगर पञ्चायतका अध्यक्ष श्री पवित्र मानव, श्रीमती पूर्णिमाया राई,पञ्चायत अध्यक्ष चुम्बुङ,पुलिस अधिक्षक,श्री जे जयपाण्डियन, अतिरिक्त जिल्लापाल(विकास) श्री गायस पेगा, अतिरिक्त सचिव यूडीडी,जोरथाङ, श्रीमती रिन्जिङ छोडेनलगायत अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो।

बैठक आयोजना गर्नुको मुख्य उद्देश्य, सिप्सु फोहोर विसर्जनको अनुगमन अनि निगरानीका निम्ति समिति गठन गर्नु रहेको थियो, जसको नेतृत्व महकुमा मुख्यालयले गर्ने अनि यसमा पशुपालन तथा पशु सेवा शहरी विकास विभाग वन,यूएलबी खण्ड विकास अधिकारी पीआरआई अनि अन्य सम्बन्धित कर्मचारीहरू सम्मिलित हुनेछन्।

यसअवधि फोहोर विसर्जन,विषाक्त फोहोर, पशु अनि क्षेत्र भित्रका मानिसहरूको आवागमनलगायतका विषयमा गहन छलफल गरियो। जिल्लापाल श्री ठटालले पशुपालन तथा पशु सेवा विभागका अधिकारीहरूलाई सीमित क्षेत्रसहित जिल्लाभित्रका सबै पशु/पशुधनको विस्तृत सर्वेक्षण गर्न निर्देशन दिनुभयो।

उहाँले उक्त अधिकारीलाई जिल्लाभरीका पशुको गणना गर्न अनि विशेष गरी हाल फोहोर विसर्जन क्षेत्रमा पाइने पशुको छुट्टै गणना गर्न पनि आग्रह गर्नुभयो। उहाँले जिल्लाका पशुपक्षी अनि जनताको आर्थिक अभ्यासलाई लिएर आर्थिक प्रभाव मूल्याङ्कन गर्न विभागलाई निर्देशन दिनुभयो।

जिल्लापाल श्री ठटालले खण्ड विकास अधिकारीहरूलाई फोहोर विसर्जन क्षेत्रको वरिपरि बस्ने मानिसहरूलाई सामाजिक–आर्थिक मूल्याङ्कन अनि बालक–बालिका अनि विद्यालय जाने उमेर समूहको विस्तृत रिपोर्टसहितको जनसङ्ख्यिकीय प्रोफाइलिङ रिपोर्ट बुझाउन पनि आग्रह गर्नुभयो।

जिल्लापाल ठटालले उक्त फोहोर विसर्जन क्षेत्रमा फोहोर फाल्ने तीनवटै जिल्लालाई विशेष गरी फोहोर पृथक्कीकरणका निम्ति उचित अभ्यास गर्न स्रोतमा गर्नुपर्ने सुक्खा अनि भिजेका फोहोरलाई छुट्याउन अनि फोहोर सङ्कलन गर्न पनि आग्रह गर्नुभयो।

यस क्षेत्रमा मानवीय आवतजावत लगायतका कुनै पनि सामाजिक तथा सुरक्षासम्बन्धी गतिविधिमा पशुपक्षी प्रवेशद्वारमा सजग रहन पुलिसकर्मीलाई निर्देशन दिनुभयो। उक्त निर्देशनमा सहमति जनाउँदै उपस्थित सदस्यहरूले उक्त क्षेत्रमा उचित अनि बलियो फेन्सिङ गरिनुपर्ने सुझाव दिनुभयो।

बैठकमा फोहोर विसर्जन वरिपरि पक्की पर्खाल निर्माण गर्न सरकारलाई अनुरोध गर्ने निर्णय गरियो, जसले पशुपक्षी अनि अनाधिकृत व्यक्तिलाई प्रवेश निषेध गर्न मद्दत गर्नेछ।

शहरी विकास विभागका अधिकारीहरूलाई परियोजना चाँडै समपन्न गर्न अनुरोध गर्नुभयो।

# मन्त्री शर्माद्वारा स्वाच्छता ही सेवा मिशनअन्तर्गत सामुदायिक स्वाच्छता कम्पलेक्सको उद्घाटन

पाकिम।

१९ सेप्टेम्बर, नाम्चेबुङका विधायक श्री एमप्रसाद शर्माले पाकिम बजारमा बीएसी पाकिमद्वारा आयोजित स्वाच्छता ही सेवा मिशनअन्तर्गत सामुदायिक स्वाच्छता कम्पलेक्सको उद्घाटन गर्नुभयो। सामुदायिक सहभागिताको माध्यमबाट जन आन्दोलन सृजना गर्ने उद्देश्यले श्रमदान गतिविधिलाई शुरु गर्नका निम्ति प्रत्येक वर्ष सेप्टेम्बरद्खि २ अक्टोबको अवधिसम्म स्वाच्छता ही सेवा(एसएचएस) अभियान मनाइन्छ। एसबीएमजी चरण खख–को कार्यन्वयनमाथि प्रोत्साहन प्रदान गर्नु सम्पूर्ण स्वाच्छ गाउँको महत्त्वको प्रसार गर्नु,हर कोहीको व्यवसायको रूपमा स्वाच्छता अवधाराणालाई सुदृढ गर्नका निम्ति, तथा राष्ट्रव्यापी सहभागिताका साथ स्वाच्छ भारत दिवस(२ अक्टोबर) मनाउनका वृनिम्ति यो कार्यक्रम महत्त्वपूर्ण रहेको छ। यस वर्ष १५ सेप्टेम्बरदेखि २ अक्टोबर २०२२–सम्म गाउँमा यत्र तत्र फ्याँकिएका मैला–कुचैलालाई सफा गर्नका निम्ति स्वाच्छता ही सेवा(एसएचएस)को अवधि गाउँको दृष्य स्वच्छतामाथि एउटा राज्यव्यापी अभियान शुरु गरिदैँछ। उद्घाटन कार्यक्रममा सल्लाहकार(सांस्कृतिक विभाग)–श्री डुबो छइरिङ भोटिया,सल्लाहकार(खाद्य तथा नागरिक आपूर्ति विभाग) –श्री इन्चुक भोटिया,सेवानिवृत (डीआइडी)ओएसडी कृषि श्री पीके सुब्बा,जिल्लापाल पाकिम टाशी छोपेल, अतिरिक्त जिल्लापाल(विकास)आरबी भण्डारी,नाथाङ माचोङ अनि नाम्चेबुङका जिल्ला पञ्चायतहरू सहित सरकारी कर्मचारीहरू अनि स्थानीयवासीको उपस्थिति थियो।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 500 Cps. 26. 08. 2022